मिति: २०८१/०८/१२

निर्णयहरू:

१. आ-आफ्नो कार्यालय परिसर भित्र र बाहिर सरसफाई गर्ने र कार्यालयको विनियोजित बजेटबाट आवश्यकता अनुसार कार्यालय रङ्गरोगन र मर्मतसंभार गर्ने।

२. कार्यालयमा रहेका प्रयोगविहिन सवारीसाधन र अन्य अनावश्यक सामग्रीहरूको लिलामी प्रक्रिया शुरु गर्ने।

३. कार्यालयको खर्चमा मितव्ययीतता कायम गर्न प्याकेट खाजा र कर्मचारीहरूलाई अत्यावश्यक बाहेक काज खटाउने कार्यलाई निरुत्साहित गर्ने।

४. कार्यालयहरूलाई प्लाष्टिक बोतलमुक्त बनाउन पिउने पानीको लागि Water Dispenser को प्रयोग गरी पानीका बोतललाई निरुत्साहित गर्ने।

५. कार्यालय परिसरको सौन्दर्यता बढाउन सम्बन्धित कार्यालयले बगैंचा व्यवस्थापन कार्यमा थप जोड दिने।

६. सिंहदरबार परिसरमा सामुदायिक कुकरको संख्या बढेको र रातको समयमा ड्युटीमा कार्यरत कर्मचारीलाई टोकेको गुनासो बढेको हुँदा कुकुरहरूको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गृह मन्त्रालयको समन्वय एवं सहकार्यमा उचित व्यवस्थापन गर्ने।

७. कार्यालयले सञ्चालन गरेको चमेना गृहमा चमेना गृह सञ्चालकका परिवारका अतिरिक्त अन्य व्यक्तिहरूसमेतको उपस्थितिका कारण अत्यधिक भीडभाड भएको देखिएकोले सोको व्यवस्थापन सम्बन्धित कार्यालयले गर्ने।

८. सिंहदरबार परिसरमा पार्किङ व्यवस्थापनका लागि बहुतले पार्किङ्ग भवन निर्माण तथा एकीकृत ढल निकास व्यवस्थापन सम्बन्धमा छलफलका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सचिव बैठकमा पेश गर्ने।

९. निर्धारित खाजा समय (१:३० देखि २:०० बजे) को व्यवस्थाको पालना र खाजा समय बाहेकको अन्य समयमा सेवा प्रवाह र कार्यालयको काम नरोक्ने व्यवस्था मिलाउने।

१०. सि.नं. १ देखि ९ सम्म लेखिएका बुदाँहरूको कार्यान्वयन मन्त्रालय मातहत विभाग एवं कार्यालयबाट पनि गराउने र सो को अनुगमन गर्ने व्यवस्था मिलाउने।

११. अनुगमन/प्रतिवेदन गर्दा स्थलगत भ्रमण भन्दा पनि प्रविधिको प्रयोग मार्फत गर्ने व्यवस्था मिलाई खर्च मितव्ययीतालाई उच्च प्राथमिकता दिने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं